गोरखा जिल्ला, गोरखा नगरपालिका १०, छेपेटारमा गण्डकी प्रदेश ज्येष्ठ नागरिक आश्रम सञ्चालन गर्न इच्छुक संस्थाहरुलाई प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !!

<u>दोस्रो पटक प्रकाशित मिति २०८३।०३।१९</u>

जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएका पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको, परिवारको सदस्य भए पनि निजले पालनपोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापन गर्नु परेका साठी वर्ष उमेर पुगेका असहाय र अशक्त ज्येष्ठ नागरिकहरुको लागि स्वास्थ्य उपचार पारिवारिक पुनर्मिलन तथा सुरक्षित आवास सेवाका माध्यमबाट सम्मानजनक जीवनयापनको प्रत्याभूति गर्न गण्डकी प्रदेश सरकारबाट स्वीकृत गण्डकी प्रदेश ज्येष्ठ नगारिक आश्रम सञ्चालन कार्यविधि २०८२ को दफा ११ बमोजिमको योग्यता पुगेका र आश्रम सञ्चालनको लागि तोकिएको विषयमा साझेदारी गर्न इच्छुक गोरखा जिल्लाभित्र विभिन्न कारणले जोखिममा परेका व्यक्तिहरुको लागि आश्रय सहितको आवास गृह सञ्चालन गरिरहेका संस्थाहरुले गोरखा नगरपालिका १०, छेवेटार मा रहेको भवन जे जस्तो अवस्थामा छ सोही अवस्थामा उपयोग गरी आश्रम सञ्चालन गर्न शिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि कार्यालयको वेवसाइट sdogorkha.gandaki.gov.np मा हेर्नुहुन अनुरोध गरिन्छ ।

आश्रम सञ्चालन सम्बन्धी जानकारी

1. आश्रम सञ्चालन हुने स्थानः गोरखा नगरपालिका १० छेपेटार, गोरखा ।
2. निर्देशित कार्यविधिः गण्डकी प्रदेश ज्येष्ठ नगारिक आश्रम सञ्चालन कार्यविधि, २०८२
3. संस्थाले दिनुपर्ने सेवाको विवरणः कार्यविधिले निर्दर्शित गरेका व्यक्तिहरुको उद्धार संरक्षण आश्रय र पुनर्स्थापना सम्बन्धी सम्पूर्ण सेवाहरु ।
4. कार्यालयले उपलब्ध गराउने सहयोगः गोरखा जिल्ला गोरखा नगरपालिका, १० छेवेटारमा अवस्थित भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय गण्डकी प्रदेश मातहतको पूर्वाधार विकास कार्यालय, गोरखाबाट सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशको नाममा हस्तान्तरण भई आएको ज्येष्ठ नागरिक आश्रमको भवन र उक्त भवनमा रहेका सामग्रीहरु जे जस्तो अवस्थामा छ सोही बमोजिम छनौट भएको संस्था मर्फत आश्रम सञ्चालनार्थ उपयोग गर्न दिने ।
5. प्रस्तव पेश गर्ने निकायः एकीकृत सेवा कार्यालय गोरखा ।
6. प्रस्तव पेश गर्नुपर्ने अन्तिम मितिः २०८३।०३।२५ गते कार्यालय समयभित्र । अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयभित्र ।

   <u>पेश गर्नुपर्ने कागजातहरुः-</u>

   - कार्यविधिको अनुसूची -१, बमोजिमको ढाँचामा भरेको प्रस्ताव,
   - संस्थाको विधान दर्ता र नविकरणको प्रमाणपत्रको प्रतिलिपि,
   - आर्थिक वर्ष २०८१/०८२ को करचुक्ता र लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि,
   - प्रस्ताव पेश गर्ने सम्बन्धी संस्थाको निर्णय,
   - प्रचलित कानून बमोजिम अयोग्य नभएको स्वघोषणा पत्र,
   - कार्यविधिको अनुसूची -२, बमोजिमका मूल्याङ्कनका आधार खुल्ने सम्पूर्ण कागजातहरु,
   - ज्येष्ठ नागरिक विरुद्धको कसुर लागायतका नेपाल कानुनको उल्लंघन गरी कुनै सजाय पाएको सञ्चालक नभएको पुष्टयाई खुल्ने कागजात,
   - ज्येष्ठ नागरिक लैङ्गिक हिंसा मानव वेचविखन तथा ओसारपसारबाट पीडित तथा प्रभावित महिला जोखिममा परेका बालबालिका र सडक आश्रित मानवको लागि आश्रय सहितको आवास गृह सञ्चालन गरेको पाँच वर्षका अवधि पुरा गरेको,
   - संस्थाले कर्मचारीको तलव भत्ता र सुविधा तथा आश्रम सञ्चालनको लागि आवश्यक प्रशासनिक र अन्य खर्च ब्यहोर्ने सम्बन्धी स्वघोषणा पत्र ।

दशरथ शर्मा
निमित्त प्रमुख